# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ ७ गते २०३३ साल

श्री ५ को सरकार

**प्रशासन व्यवस्था विभागको**

**सूचना**

श्री ५ को सरकारको मिति २०३३।२।२८ को निर्णयानुसार प्रशासन व्यवस्था विभाग अतिरिक्त समूहको राजपत्रांकित प्रथम श्रेणी नेपाल प्रशासन सेवाका श्री मकरबहादुर वान्तवालाई सेवाबाट अवकाश दिएको छ।

आज्ञाले—
घनानाथ ओझा
श्री ५ को सरकारको उप–सचिव

२९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भूलसुधार

खण्ड २६, अतिरिक्ताङ्क १० (ग) साउन ५ गते २०३३ सालको नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको सूचनाको पहिलो पंक्तिमा (शिर व्यहोरामा) "विभूषण (चौधौं संशोधन) नियमावली, २०३३" हुनु पर्नेमा "विभूषण (चौथो संशोधन) नियमावली, २०३३" हुनगएको र सोही सूचनाको दफा १ को उप–दफा (१) मा "यस नियमावलीको नाम विभूषण (चौधौं संशोधन) नियमावली, २०३३ रहेको छ" भनी हुनुपर्नेमा "यस नियमावलीको नाम विभूषण (चौथो संशोधन) नियमावली, २०३३ रहेको छ।" भनी छापिएकोले सोको भूलसुधार गरिएको छ ।

सूचना विभाग

५१८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार